म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १८९ आइतबार ७ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 19 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शिवालयमा प्रसादको लागि खाद्यान्न वितरण

हेटौंडा, ६ फागुन/सहयोगी मन नेपालले हेटौंडाका शिवालयहरुमा प्रसादको लागि आवश्यक खाद्यान्न वितरण गरेको छ । महाशिवरात्रीको अवसरमा सामजिक सेवा गर्दै आईरहेको सहयोगी मन नेपालले हेटौंडाका शिवालयहरुमा प्रसादको लागि आवश्यक खाद्यान्न वितरण गरेको हो । शिवबुटी भन्दै गाँजा, भाङ लगाएतका पदार्थ खानु राम्रो नभएको भन्दै सहयोगी मनले केहि वर्ष अघिबाट मन्दिरहरुमा प्रसादको लागी आवश्यक खाद्यान्न वितरण गर्दै आईरहेको सहयोगी मन नेपालका अध्यक्ष केदारप्रसाद चौंलागाईले बताए । सहयोगी मनले जिल्लामा विभिन्न सामजिक सेवाका क्रियाकलापहरु गर्दै आईरहेको छ । देशमा प्रतिकुल अवस्थामा पनि सहयोगी मनले गरिव, दुखीहरुको सेवामा काम गर्दै आईरहेको छ ।

# अनिश्चित बागमती प्रदेशसभा

श्रीजना नेपाल




हेटौंडा, ६ फागुन/ बागमती प्रदेशसभा बैठक अनिश्चित बनेको छ । माघ २६ गते प्रदेश प्रमुखले सम्बोधन गरेर स्थगित भएको बैठक अनिश्चित बनेको हो ।

यसअघि माघ २३ गते आह्वान भएको संसद् बैठक बस्नै सकेन । संसदीय समिति गठनको लागि आह्वान भएको संसद् बैठक बस्नुअघि सर्वदलीयमा नै दलहरूबीच सहमति हुन नसकेपछि संसद् बैठक नबसिकनै स्थगित भएको थियो । तर, दलहरुबीच सहमति हुन नसकेपछि बैठक नै बस्न सकेन ।

संसदीय समिति गठन प्रक्रियाका लागि दलिय सहमति जुटाउन प्रदेशसभाका सभामुख भुवनकुमार पाठक र प्रदेशसभा सचिवालयका सचिव कृष्णहरि खड्काले पटक-पटक पहल गरेपनि सफल भएको थिएन ।

संसदीय समितिको सभापति पदका लागि दलीय भागबण्डा नमिल्दा प्रदेशसभा बैठक प्रभावित बन्दै आइरहेको छ । सोमबार दिउँसो १२ बजे प्रदेशसभा बैठक बोलाइएको थियो । तर, संसद बैठकअघि बसेको सर्वदलीय बैठकमा नै संसदीय समितीको भागवण्डा नमिलेपछि ससंसद बैठक बस्न सकेको थिएन । पुन:सर्वदलीय बैठक बसेर सहमति गरि सोही दिन दिउँसो ४ बजेका लागि प्रदेशसभा बैठक राख्ने गरी अनौपचारिक सहमति बनेको थियो । तर, संसदीय समितिको भागबण्डाको विषयमा २ पटक सर्वदलीय बैठक दलिय सहमति नजुट्दा संसद बैठक नबसी सांसदहरु फर्किन पर्‍यो ।

सत्तापक्ष र प्रतिपक्ष दुवैले संसदीय समितिमा आफ्नो दावी कायम राखेका छन् । जसका कारण दलिय सहमति नहँदा प्रदेशमा संसदीय समितिको भागबण्डा मिलाउन दलहरुलाई सकस परेको छ । बागमतीमा प्रमुख प्रतिपक्षको रुपमा रहेको नेपाली कांग्रेसले प्रदेशको ५ वटै संसदीय समितिको नेतृत्व गर्न पाउनुपर्ने दावी गरिरहेको छ भने सत्तापक्षले एउटा मात्रै समितीको नेतृत्व दिने बताउँदै आएको छ । सत्तारुढ दल केन्द्रमा सरकारको समीकरण फेरिने डरमा कुनैपनि संसदीय दलको नेतृत्व गुमाउने पक्षमा छैन भने कांग्रेससहित प्रतिपक्ष दलहरु संसद प्रतिपक्षको भएकाले समितिको नेतृत्व प्रतिपक्षले गर्नुपर्ने बताउँदै आइरहेको छ ।

सरकारलाई विश्वासको मत दिएर पनि सरकारमा सहभागि नभएको नेपाली कांग्रेसले सबै समितीमा दावी गरेको छ । समितिका सभापति सत्तापक्षले लिँदा मन्त्रीहरुको दवाव रहने भएकाले उपलब्धी नहुने भन्दै कांग्रेसले समितिको नेतृत्व प्रतिपक्ष दललाई दिनुपर्ने बताइरहेको छ ।

तर सत्तापक्ष कुनैपनि हालतमा सबै समितिको नेतृत्व कांग्रेसलाई छाड्न तयार छैन । दुवै पक्षले आ-आफ्नो अडान नछोडेपछि संसदीय समिती गठन गर्ने विषय पेचिलो बन्दै गएको छ । नेकपा एकीकृत समाजवादी पनि प्रतिपक्ष दल कांग्रेसको पक्षमा उभिएको छ । सो दलले पनि संसदीय समितिको समान हकदार भएको भन्दै सम्मानजनक स्थान पाउनुपर्ने माग गर्दै आएको छ ।

नेमकिपाले भने नेपाली कांग्रेस प्रतिपक्ष नै नभएको बताउँदै सार्वजनिक लेखा समितिको सभापति आफूले पाउनुपर्ने माग गर्दै आएको छ । संसदमा रहेको ७ दलमध्ये कांग्रेससहित ६ वटा दलले सरकारलाई विश्वासको मत दिएको थियो । कांग्रेसले सरकारलाई विश्वासको मत दिएको कारण कांग्रेस प्रतिपक्ष नै नभएको नेमकिपाको ठहर छ । त्यसैले कांग्रेसको दावी अस्वभाविक भएको नेमकिपा संसदीय दलका नेता सुरेन्द्रराज गोसाँई बताउँछन् ।

समितिको भागवण्डाका विषयमा सत्ता गठबन्धन बीच नै सहमति हुन सकेको छैन । प्रदेशका ५ वटा समितिमध्ये एमालेले २, माओवादी केन्द्र २ र राप्रपाले दुई समितिको नेतृत्वमा दावी गर्दै आएका छन् । प्रदेशको मन्त्रालय र कार्य व्यवस्था समितिमा आफूहरुलाई कमजोर र थोरै स्थान दिएको भन्दै राप्रपाले २ वटा समितिको नेतृत्वमा दावी गरिरहेको छ । माओवादी केन्द्र र एमालेले २/२ वटा समितिको सभापतिमा दावी गर्दै आएका छन् । बागमती प्रदेशमा ५ वटा संसदीय समिति छन् । प्रदेशमा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग पर्यटन तथा वातावरण समिति रहेको छ ।

बागमती प्रदेश सभाको दोस्रो कार्यकाल सुरु भएको दुई महिना भइसक्दा पनि संसदले गति लिन सकेको छैन । हालसम्म सभामुख/उपसभामुख निर्वाचनका लागि, मुख्यमन्त्रीको विश्वासको मत लिने प्रयोजनको लागि र प्रदेश प्रमुखको सम्बोधन जस्ता कार्यको लागि मात्रै बैठक बसेको छ । दोस्रो कार्यकालको दुई महिना पुगिसक्दा पनि प्रदेश सरकारले संसदलाई विजनेस दिन सकेको छैन । सुरुमा मन्त्रालय भागवण्डामा अल्झिएको प्रदेश सरकारले अहिले संसदीय समिति भागवण्डामा अल्झिएको छ । सरकार भागवण्डा मिलाउन लाग्दा संसद विजनेसविहीन अवस्थामा छ ।

दोस्रो कार्यकाल सुरु गरेको सरकारले हालसम्म संसदमा एउटा पनि विधेयक दर्ता गर्न सकेको छैन । प्रदेशसभाको पहिलो कार्यकाल प्रदेश संरचनाको अभ्यासको चरणमा नै रहँदा र दलहरू सत्ताको वरिपरि भागदौडमा नै व्यस्त हुँदा त्यति उपलब्धिमूलक रहेन । दोस्रो कार्यकालको सुरुवात पनि भागवण्डामा नै अल्झिदा संसद संसदीय गतिविधिमा भन्दा पनि पद र पावरको वरिपरि घुम्ने देखिन्छ । प्रदेश सरकारले प्रदेश सभाको पहिलो कार्यकालको २ वर्षभित्रमा प्रदेशमा आवश्यक पर्ने ९९ वटा ऐन कानुन निर्माण गरिसक्ने घोषणा गरेको थियो । तर प्रदेश सभाको पहिलो पाँच वर्षको कार्यकालमा जम्मा ४५ वटामात्र कानुन बने । प्रदेश सभाको शुरुको केही वर्ष ऐन कानुन निर्माणले प्राथमिकता पाएपछि ०७७ पुस ५ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि त्यसको प्रत्यक्ष असर बागमती प्रदेशसभामा पर्‍यो । संसद् विघटनको घटनाले तत्कालीन नेकपा र एमाले पार्टी विभाजित हुँदा बागमती प्रदेश सभा नीति नियम बनाउनेभन्दा पनि सत्ताको खेल खेल्ने स्थान बन्न पुग्यो । जसले गर्दा प्रदेशसभा करिब २ वर्ष बिजनेसविहीन बस्नु पर्‍यो । सत्ता परिवर्तन भइरहँदा संसदले बिजनेस पाउन सकेन ।

अब बागमती प्रदेश सभाले नयाँ प्रदेश सभा सदस्य र नयाँ सरकार पाइसकेको छ । प्रदेश सरकारको नेतृत्व प्रदेशको सबैभन्दा पहिलो आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेलले गरेका छन् । करिब ३ वर्ष प्रदेश सरकारको कानूनमन्त्री बनेर प्रदेशको ऐन कानून निर्माणको अनुभव गरिसकेका मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकार बनेपनि ऐन कानुन निर्माण र संसदलाई बिजनेस दिने काममा भने ध्यान गएको छैन । संसदीय समिति गठन हुन नसक्दा र संसद् बैठक चल्न नसक्दा बागमती प्रदेश सरकारले जारी गरेको ५ वटा अध्यादेश पास गर्न समस्या हुने देखिएको छ ।

प्रदेश सरकार सञ्चालनको क्रममा जारी गरिएको पाँच अध्यादेश गत पुस १८ गते बसेको दोस्रो कार्यकालको पहिलो बैठकले स्वीकृत गरेको थियो । संविधानत: ती अध्यादेशलाई ऐनका रूपमा मान्यता दिन सरकारले सदनमा पेस भएको ६० दिन भित्र प्रतिस्थापन विधेयक ल्याएर पास गरिसक्नु पर्छ । ती अध्यादेश आगामी फागुन १८ गतेसम्म प्रतिस्थापन विधेयक ल्याएर संसदीय समितिमा छलफल गरी सदनबाट पास गरी प्रदेश प्रमुखबाट प्रमाणिकरण समेत गरी सक्नुपर्ने हुन्छ ।

## घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोटा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८२७२५९८०६




# मनाइयो महाशिवरात्री





हेटौंडा, ६ फागुन/हिन्दु धर्मावलम्बीहरुको एक विशेष पर्वका रुपमा रहेको महाशिवरात्री मकवानपुरका शिवालयहरुमा पूजाआजा गरेर शनिबार मनाईंएको छ । मकवानपुरका १० वटै पालिकाहरुमा रहेको महादेवको मन्दिरमा हिन्दु धर्मावलम्बीहरुले शिवरात्री मनाएका हुन् । विशेषगरि हेटौंडा उपमहानगर-४ स्थित भुवनेश्वर मन्दिर (पशुपति)मा पूजाआजा गर्ने भक्तजनको घुँइचो लागेको थियो । महाशिवरात्रि पर्वको अवसरमा पूजाआजा गर्ने भक्तजनको मन्दिरमा बिहानैदेखि घुँइचो लागेको थियो । शिवरात्रीमा श्रद्धालुहरुले रातभर जाग्राम रहेर भगवान शिवको आराधना गर्ने र भजन गाएर पनि मनाएका छन् । शिवलिंगलाई पानी र बेलपत्र चढाएपछि मात्र आफ्नो उपवास सफल हुने विश्वास छ । महिलाका लागि शिवरात्रीको विशेष महत्व छ । शनिबार हेटौंडाका भुवनेश्वर हुप्रचौर, गोरक्षेश्वर राप्तीतट, विश्वम्भरेश्वर चौकीटोल, श्यामेश्वर चाइनाक्वार्टर, पाण्डुकेश्वर पालुङ, ऋषेश्वर दामन, नटारम्भेश्वर भीमफेदी मन्दिरमा पूजाआजाका लागि धर्मावलम्बीहरुको बाक्लो भीड लागेको थियो । धार्मिक मान्यताअनुसार सृष्टिको प्रारम्भमा यसै दिन मध्यरात्रि भगवान शंकर ब्रम्हाबाट रुद्रको रुपमा अवतरण भएका थिए । प्रलयको बेलामा यसै दिन भगवान शिवले तान्डव नाच्दै ब्रम्हान्डलाई तेस्रो नेत्रबाट ज्वाला निकालेर समाप्त गरेका गरेका थिए । त्यसैले यस दिनलाई महाशिवरात्री वा कलरात्रि भनिन्छ । यस दिन भगवान शिवको विवाह भएको मानिन्छ । शिवरात्रिको दिन भगवान शिवको प्रिय दिनको रुपमा चित्रण गरिएको धार्मिक ग्रन्थहरुमा पाइन्छ ।



साझाकुरा

## हाम्रो कुरा

# प्रजातन्त्र दिवस

आज निरङ्कुश हुकुमी राणा शासन अन्त्य भएको दिन हो । राणा शासकहरूको १०४ वर्ष लामो वंशीय, निरङ्कुश र हुकुमी शासनलाई बिदा गरी मुलुकमा 'प्रजातन्त्रको दियो' बालिएको थियो, २००७ साल फागुन ७ गतेका दिन । त्यही कारण हामी यो दिनलाई 'राष्ट्रिय प्रजातन्त्र दिवस' मान्ने गर्छौं । राणाहरूको वंशीय तन्त्र होइन कि 'प्रजा'हरुकै 'तन्त्र'मा शासन चल्छ भन्ने उद्घोषसहित आजकै दिन मुलुकमा 'प्रजातन्त्र' छाएको थियो । विगतमा यो दिनको बेग्लै महत्व थियो । २०६३ वैशाखमा लोकतन्त्र स्थापनासँगै यो दिन ओझेलमा परेको हो । अब 'प्रजातन्त्र'को ठाउँमा 'लोकतन्त्र'ले ठाउँ लियो । बिस्तारै बोलीचालीमा 'प्रजातन्त्र' शब्द हराउँदै गएको छ र त्यो 'लोकतन्त्र'ले लिएको हो । आजको दिन नेपालको राजनीतिक र शासकीय इतिहासमा प्रजातन्त्रको बेग्लै महत्व छ । २००७ मा नेपाली काँग्रेसको नेतृत्वमा भएको सशस्त्र क्रान्तिलाई राजा त्रिभुवनले साथ दिएपछि मुलुकमा प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्न सजिलो भएको थियो । यदि राजाले साथ नदिएको भए प्रजातन्त्र स्थापना अझै समय कुर्नुपर्थ्यो होला ।

राणा शासनसँगै एकपछि अर्का राजाहरू पनि 'खोपी'मा सीमित भए, अर्थात् अधिकारविहीन थिए । राजा त्रिभुवनले 'प्रजा' अर्थात् जनतासँग मिलेपछि प्रजातन्त्र स्थापना भएको हो । राणाहरूबाट मुक्तिका निम्ति २००७ कात्तिकमा राजा त्रिभुवन भारत गएका थिए । एकातिर नेपाली काँग्रेसको नेतृत्वमा चलेको सशस्त्र क्रान्तिले उग्र रूप लिएपछि अन्तिम राणा शासक मोहन शम्शेर घुँडा टेकेपछि प्रजातन्त्रको उदय भएको हो । राजा त्रिभुवनबाट राणा शासकबाट शासकीय अख्तियार फिर्ता लिँदै २००७ फागुन ७ का दिन शाही घोषणा आयो, 'हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूको निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले' भन्दै प्रजातन्त्र घोषणा गरिएको थियो । विधान तयार नभएसम्म राणा र काँग्रेस सम्मिलित मन्त्रिपरिषद् बन्यो । राज्यको शासन गर्ने अधिकार मन्त्रिपरिषद्लाई दिइयो ।

उतिबेला आएको प्रजातन्त्र नेपालीहरूको पोल्टाबाट फेरि २०१७ पुस १ मा खोसिएको इतिहास जीवितै छ । पञ्चायतविरुद्ध निरन्तर आन्दोलन चलिरह्यो र २०३६ मा जनमत संग्रह गर्न पञ्चायती शासक बाध्य भयो । तर, जनमत संग्रहमा व्यापक धाँधली गरी नागरिकको मत र आवाज दबाउने शृंखला नियमित रह्यो । नेपाली नागरिकले प्रजातन्त्र निर्बाध भोग गर्न पाएनन् । ३० वर्षे पञ्चायती व्यवस्था पनि राणा शाही जस्तै थियो । २०४६ चैत २६ को मध्यरातमा दलमाथि लागेको प्रतिबन्ध हटेसँगै मुलुकमा बहुदलीय प्रजातन्त्र अनि संवैधानिक राजतन्त्रतिर मुलुक गएको हो । फेरि २०४६ मा प्रजातन्त्र स्थापना भयो, त्यसमा पनि २०६१ माघ-१९ प्रकरणसँगै प्रजातान्त्रिक अधिकार दरबारले खोस्यो । संसदीय प्रजातन्त्रले स्थायित्व नपाउँदै सशस्त्र द्वन्द्व, दोस्रो जनआन्दोलन हुँदै २०६२ चैत २४ बाट नियमित चलेको १९ दिने जनआन्दोलनसँगै २०६३ वैशाख ११ मा लोकतन्त्र स्थापना गर्‍यो । त्यही आन्दोलनको बलमा नेपाल आज संघीय गणतान्त्रिक देशमा परिणत गर्ने ढोका खोलेको हो । यो प्रजातन्त्रले सही प्रयोग गर्न सक्ने हातहरु पाओस् । गरिखाने माहौल देओस् अनि नेपालीहरूको पीडा यो प्रजातन्त्रले कम गरोस् । नेपाली हुनुको एकमात्र पहिचान अनि राष्ट्रियताको डोरभित्रको मीठो, समान अनि प्रगतिशील प्रजातन्त्रको अनुभव गर्न पाइयोस् ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन ८ गते सोमबार २० फेब्रुअरी २०२३ । औंशी फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:३९, सूर्यास्त ५:४७। सामाजिक न्याय दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आकस्मिक लाभ हुने | **तुला** | : मानसम्मान मिल्ने |
| **वृष** | : अर्थहानि हुने | **वृश्चिक** | : जोस एवम् जांगर बढ्ने |
| **मिथुन** | : स्थानान्तरण हुनसक्ने | **धनु** | : बादविवाद बढ्ने |
| **कर्कट** | : दुस्चिन्ताले पिरोल्ने | **मकर** | : घरेलु काममा रुचि |
| **सिंह** | : यात्रामा भयले सताउने | **कुम्भ** | : प्रयासहरु फलदायी हुने |
| **कन्या** | : उपचार खर्च वृद्धि हुने | **मीन** | : कुरा काट्नेहरु सक्रियता |

# रवि लामिछाने र नेपाली राजनीतिको नार्सिसिज्म



✍ सालिक सुवेदी

> मानिस जब आफूलाई केन्द्रमा राखेर निर्णय गर्छ र आफ्नो स्वार्थ मात्र देख्छ त्यो नै नार्सिसिज्म हो । गृहमन्त्रीमा रवि र प्रधानमन्त्रीमा देउवा, ओली र दाहालले गरिरहेको लाजनीति पनि नार्सिसिज्म नै हो ।

प्रिय रवि

नलेखुँ भन्ने थियो । लामो समय यो विषय लेखुँ या नलेखुँ भयो । जोन स्टुअर्ट मिलको प्रसिद्ध कथन सम्झेँ, 'इफ यु आर साइलेन्सिङ योर अपिनियन यु आर साइलेन्सिङ द ट्रूथ ।'

हो त । कति समय नबोली बस्ने । आफू नबोल्दा पनि हुन्छ । तर अरू त बोल्नु पर्‍यो । तर यहाँ अरू पो को बोल्छ र ! सामाजिक सञ्जालको अजंगका आलोचनाको भय बौद्धिक जमातमा पनि छ । एउटा सानो टिप्पणीको असाधारण आलोचना, डरलाग्दो असहिष्णु र असामाजिक प्रतिक्रियाको सामना गर्नुपर्ने हुन्छ । जेहोस् आज म नार्सिसिज्मको बारेमा सामान्य चर्चा गर्छु ।

म सानैदेखि अलि अन्तरमुखी स्वभावको हुँ । खासै कसैसँग कुरा नगर्ने स्वभाव । बा र दाइसँग साह्रै डर लाग्ने । आमासँग भने पटक्कै डर नलाग्ने । बाले भन्दा आमाले बढी माया गर्ने भएर पक्कै होइन होला । वास्तवमा डर सम्बन्धमा भन्दा शक्तिमा निर्भर रहन्छ । मलाई त्यस्तै लाग्छ । आज मेरी छोरी मसँग पटक्कै डराउन्न । उसको ममीसँग निकै डराउँछे ।

म धेरै कि थोरै थाहा छैन । जे होस् सञ्चारकर्ममा लागेपछि निकै मानिससँग संगत गरें । आफ्नो दिलोज्यान दिएर सहयोग गरें, तिनको उन्नति, जित र विजयका लागि । अधिकांश मानिस नितान्त स्वार्थी, अहंकारी र आत्मरतिमा रमाउने अमानस भेटें । गाउँमा पनि शहरमा पनि । आज मानिस औधी डराउँदै वास्तविकता पनि लुकाउन थाले । आज तिमीले हिम्मत गर्‍यौं । बधाइ छ र समर्थन पनि । आज तिम्रो बारेमा बोल्यो या लेख्यो भने मानिस असामाजिक मात्रै होइन अनागरिक मात्रै होइन अमानस पनि बनाउँछन् । अश्लील, अस्वाभाविक प्रतिक्रियाका बाढीले । त्यसैले त मानिस डराउँछ । समाजमा तथ्य बोल्न र लेख्न तिखारिएका कलमहरू डराए जस्तै । कोकिल कण्ठहरू पनि आवाजविहीन बने जस्तै ।

**नार्सिसिज्म**

म आज राजनीति र नार्सिसिज्मको सम्बन्धका बारेमा चर्चा गर्छु ।

लिरीओपा भन्ने अप्सरा र जलदेउता सिफिससको एउटा छोरो जन्मन्छ । अप्सरा र देउताको छोरो साह्रै सुन्दर र आकर्षक हुन्छ । प्राचीन ग्रिक कथा हो यो । देव पुत्रको नाम नार्सिसस थियो । नार्सिसस अनिद्य सुन्दर थियो । ऊप्रति युवा र युवती निकै पछि लाग्थे । तर उसलाई कसैको मतलब थिएन ।

एकदिन लिरीओपालाई एउटा भविष्यवेत्ता साधुले नार्सिससको बारेमा भन्छ । तिम्रो छोरोको आयु निकै लामो पनि छ र निकै छोटो पनि । नार्सिससले जहिलेसम्म आफूलाई देख्दैन र चिन्दैन ऊ बाँचिरहन्छ । जब चिन्छ । ऊ घमण्डी हुन्छ । आत्मरतिमा रमाउँछ । महत्वाकांक्षी हुन्छ । आत्ममुग्धता र स्वकाम शक्तिको अन्धताले निर्लिप्त भई ऊ निस्कन सक्ने छैन । ऊ मर्ने छ ।

कुनै वस्तुप्रतिको निर्लिप्तता उसको अन्त्यको कारण हो । हस्तिनापुरको सम्राटप्रतिको अति आशक्तता दुर्योधनको नासको कारण बन्यो । पुत्रमोहको चरम उत्कर्षताका कारण धृतराष्ट्रले हस्तिनापुर छोड्नुपर्‍यो । रावणको अन्त्य अहंकार र आफ्नो शक्तिप्रतिको आत्ममुग्धताले भयो । मैले यही पढेको हो । त्यसैले त बुद्ध मध्यमार्ग भन्छन् । यही लेखिएको छ बुद्धोपदेश र त्रिपिटकमा पनि । कुनै पनि वस्तुप्रतिको अति मोह क्षतिको मूल कारण हुन्छ । इतिहास साक्षी छ । अनुभव साक्षी छ ।

अति सुन्दर नार्सिसस अघि-अघि, दुनियाँका युवती पछि-पछि । नार्सिसस फकिर छ । उसका पछौटे पनि फकिर बने । युवतीहरू उसलाई आकर्षित गर्न चाहन्छन्, नार्सिसस बेमतलब छ । ऊ सिर्फ आफूमा केन्द्रित छ । उसले एकोको प्रेमलाई पनि बेवास्ता गर्छ ।

एकदिन नार्सिसस एक तलाउमा आफ्नो अनुहार देख्छ । ऊ अति मोहित हुन्छ, आफ्नो रूप देखेर । आफ्नो सुन्दरता देखेर । नार्सिससलाई आफू बाहेक दुनियाँ तपसिल लाग्छ । आफ्नो अनुहार हेरेको हेर्‍यै हुन्छ । अनि मर्छ । नार्सिसस मरेपछि सारा युवतीहरू रुँदै तलाउ नजिक आउँछन् । रुन्छन्, कराउँछन्, विलाप गर्छन् । विस्मात गर्छन् र तलाउलाई सोध्छन् । नार्सिसस कसरी मर्‍यो ?

तलाउ सहजै उत्तर दिन्छ र भन्छ, 'मैले नार्सिसस मरेको देखिनँ । मैले त नार्सिससको आँखामा सिर्फ आफूलाई देखें । आफ्नो सुन्दरतामा मोहित थिएँ ।' नार्सिसस तलाउमा आफूलाई देख्छ । तलाउ नार्सिससको आँखामा तलाउलाई । यहाँ सिर्फ आफूलाई मात्र देख्छन् र आफूलाई मात्र सोच्छन् ।

**नार्सिसस र नेपाली राजनीति**

नेपाली राजनीतिमा नार्सिसस को ? यो ? त्यो ? या सबै ? कुरा सुरु गरौं । अहिलेको हप्कीदप्की पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी र रवि लामिछानेको । हामी लाजनीति होइन राजनीति गर्छौं । हामी विधिको शासनको थिति बसाल्छौं ।

बेथितिको अन्त्य गर्छौं र हामी हरेक नेपालीलाई नेपाली हुनुको गर्व महसुस गर्ने वातावरण तयार गर्छौं । यसरी आयो रविको पार्टी र त्यसरी नै उदायो । म त्यसरी नै विलायो भन्दिनँ । किनकि विलाउन दिनुहुन्न । स्थापनाको छोटो समयमा नेपाली जनताले पत्याए । भोट दिए । रविलाई जिताए । पार्टीलाई चौथो ठूलो दल बनाए । रवि सरकारमा गए । नागरिकताको विषयले सांसद पद गयो । रविको गृहमन्त्री पद पनि गयो । सभापति पद पनि गयो । नागरिकता लिए । तुरुन्तै सभापति पनि भए । यो स्वाभाविक हो । नेपाली जनताले घण्टीमा भोट न स्वतन्त्र पार्टीलाई दिएका हुन् न अन्य उम्मेदवारलाई । यो शुद्ध रविलाई दिएको हो, मेरो व्यक्तिगत बुझाइ ।

नागरिकता विवादबाट गृहमन्त्री गुमाएका रविले फेरि गृहमन्त्री बन्न यसरी लाग्नु यो राजनीति भन्दा बढी लाजनीति हो । आफैंलाई मात्रै त्यो पदमा देख्न खोज्नु नार्सिसिज्म हो । विना सांसद पद जसरी पनि गृहमन्त्री बन्न खोज्नु वास्तवमै नार्सिसिज्म हो । गृहमन्त्री नपाए भौतिक मन्त्री भए पनि हुन्छ भन्नु नार्सिसिज्म हो । भौतिक नभए विना विभागीय भए पनि हुनसक्छ ।

मानिस जब आफूलाई केन्द्रमा राखेर निर्णय गर्छ र आफ्नो स्वार्थ मात्र देख्छ त्यो नै नार्सिसिज्म हो । यद्यपि रविले यस विषयमा पत्रकार सम्मेलन मार्फत स्पष्ट पारिसकेका छन् । पत्रकार सम्मेलनमा बोलेका शब्द र नबोलेका शब्द (हाउभाउ) डिसेन्ट थिएनन् । सुन्न र हेर्न पनि कठिन लाग्थ्यो । त्यति नगरेको भए उनको उचाइ घट्दैनथ्यो । अहिले घटेको छ या बढेको छ मलाई थाहा छैन । म यही लेख मार्फत सत्तारोहणको माद र मस्तमा नअल्मलिन प्रिय र विलाई अनुरोध गर्दछु ।

हतपतको काम लतपत हुनसक्छ । आइतबार रविको पत्रकार सम्मेलन मार्फत गरेको घोषणाबाट म अत्यन्त पुलकित छु किनकि रविले भने उपनिर्वाचनको विजयपछि मात्रै म सरकारमा जान सक्छु । रविलाई नार्सिसिष्ट देख्नेहरू र देख्न खोज्नेहरूलाई यो रविको गतिलो उत्तर होह यसमा अडिग रहन सके भने ।

**देउवा, ओली र प्रचण्ड**

पाँच पटक प्रधानमन्त्री बनिसकेका नेपाली कांग्रेसका सभापति फेरि एक चोटि प्रधानमन्त्री बन्न चाहे । मंसिर ४ को निर्वाचनको मतपरिणामले पनि देउवालाई स्वाभाविक प्रधानमन्त्री दाबी गर्न सहज बनायो । देउवाले विष्णुले वृन्दालाई भुलाउन खोजे जस्तै भुलाउन खोजे प्रचण्डलाई । पाँच बजाउन । शिव जालन्धरको युद्धमा वृन्दा भुले जस्तै । आफ्नो लागि छैटौं सत्तारोहणको आत्ममुग्धता र अन्धोभक्ति थियो । तर वृन्दाले जालन्धर रूपी विष्णुलाई चिनेर विष्णुलाई नै छली ढोका थुनेर बाहिर निस्के जस्तै प्रचण्ड देउवालाई छाडेर ओलीसँग गर्धन जोडे ।

सत्ताका लागि जे पनि गर्न खोज्ने र जोसँग पनि जोडिन सक्ने प्रचण्ड प्रवृत्ति नार्सिसिज्म हो । राजनीतिक जीवनको सर्वाधिक आलोचना गरिएका पात्र, सर्वाधिक शत्रुता देखिएको, माओवादी युद्धदेखि पुस ९ गतेसम्म सर्वाधिक असहिष्णु पात्र रहेका प्रचण्डलाई प्रधानमन्त्री बनाएर अजंगको गर्धन लिई कुटिल मुस्कान मुखरित गरे केपी ओलीले । उनले सके राष्ट्रपतिको निर्वाचन पछि नसके दुई वर्षपछि तेस्रो पटक प्रधानमन्त्री बन्न र्‍याल चुहाउनु र त्यो प्रवृत्तिलाई प्रोत्साहन गर्नु नार्सिसिज्म हो ।

यहाँ राजनीतिमा राजनीति होइन लाजनीति नै लाजनीति छ । नार्सिससले तलाउमा आफ्नो अनुहार देखेर आफैंसँग रत्तिन्छ । तलाउ नार्सिससको आँखामा आफूलाई देख्छ । आफैंलाई हेरेर रत्तिन्छ । देख्दैन सारा दुनियाँ । लिरीओपा रोइन । हामी रुन नपरोस् । प्रश्न यो हो कि नार्सिसस, नार्सिसस हो कि तलाउ ? या दुवै ? रवि या रविको आँखामा आफूलाई मात्र देख्ने नेतृत्व ? *(साभार: अनलाइनखबर)*

# ती हिमालयशमशेर, यी युवा नेता

✍ सृष्टि राणा

हिमालयशमशेर नेपालको पहिलो गभर्नर मात्र नभएर आर्थिक क्षेत्रमा उल्लेखनीय योगदान दिएका राष्ट्रप्रेमी व्यक्ति हुनुहुन्थ्यो । उज्यालो अनुहार, दयालु स्वभावका अनि अत्यन्तै आत्मीयता र माया देखाउने भएकाले उहाँलाई भेट्न पाउँदा पनि सुखद अनुभव हुन्थ्यो ।

फेरि उहाँबाट ठूलो होस् वा सानो, गरिब होस् वा धनी, शक्तिशाली होस् या कमजोर सबैसँग समान व्यवहार हुन्थ्यो । घरमा आएको जुनसुकै व्यक्तिलाई पनि मनैदेखि आदर-सत्कार गर्ने उहाँको बानी थियो । जहिले पनि सत्कर्म गर्नुपर्छ र सकारात्मक सोच राख्नुपर्छ भन्ने उहाँको मान्यता थियो ।

राणा परिवारमा एउटा भनाइ छ– देवशमशेरका सन्तानहरू असल र दानी हुन्छन् । देवशमशेरका सन्तति हिमालयशमशेर पनि थाहा पाए अनुसार एकदमै असल र दयालु हुनुहुन्थ्यो । उहाँमा राम्रो काम गर्‍यो भने मरेपछि त्यसको सही मूल्यांकन हुन्छ भन्ने विश्वास थियो । उहाँ जीवनको अन्तिम समयसम्म पनि विभिन्न परोपकारी र सामाजिक कामहरूमा संलग्न हुनुहुन्थ्यो । त्यसैले उहाँप्रति मेरो सम्पूर्ण परिवारको असीम श्रद्धा थियो । साँच्चै भन्ने हो भने, राणा परिवारमा शक्ति र सम्पत्ति कमाएका धेरै छन्, तर श्रद्धा कमाएका व्यक्तिहरू भने कमै छन् । हिमालयशमशेर परिवार र समाजको श्रद्धा कमाउने विशिष्ट राणामध्ये पर्नुहुन्छ ।

**वचनको पक्का**

उहाँलाई मैले आफ्नो परिवारको एक सदस्यसँगै झन्डै डेढ वर्षअघि भेटेको थिएँ । भेट्दा सानो कामका लागि अनुरोध पनि गरेकी थिएँ । जहिल्यै तेजिलो र आकर्षक देखिने उहाँलाई शारीरिक रूपमा अलि खस्केको पाएँ । त्यस दिन उहाँसँग भेट्दा मलाई जति नै ठूलो हस्ती भए पनि, जति नै बुद्धि र सम्पत्ति कमाए पनि एक दिन उमेरले सबैलाई परास्त गर्ने रहेछ भन्ने बोध भएको थियो । श्रीमतीको मृत्युपछि ९३ वर्षको उमेरमा परिवारको भर नपरी एक्लै बस्न सकेको देखेर भने बूढो भए पनि उहाँको मन भने दह्रो र आँटिलो रहेछ भन्ने लागेको थियो ।

भेट भएको तीन दिनपछि, उहाँलाई कोभिड वा छाती सम्बन्धी केही समस्या भएर अस्पताल भर्ना गर्नुपर्ने भएकाले मैले अनुरोध गरेको काम हुन नसक्ने खबर आयो । उहाँको आफ्नो वचनप्रतिको इमानदारी देखेर म छक्क परें । ९३ वर्षको बूढो मान्छे, सास फेर्न गाह्रो भएर जीवनसँग संघर्ष गरिरहँदा पनि आफ्नो वचनप्रति कति संवेदनशील ? खासमा मैले भनेको काम त्यति महत्त्वपूर्ण पनि थिएन । उहाँले खबर नगर्नुभएको भए पनि केही फरक पर्दैनथ्यो । तर उहाँले वचनप्रति जिम्मेवार हुने आफ्नो स्वभाव सिकिस्त हुँदा पनि छोड्नुभएको थिएन ।

हुन त आफूले दिएको वचनप्रति जिम्मेवार हुनु ठूलै महानता त होइन, तापनि दुर्भाग्यवश, नेपाली समाजमा आजकल यस्ता इमानदार व्यक्ति पाउन मुस्किल हुन थालेको छ । त्यसैले उहाँको यो व्यवहारले मेरो मन छोयो । उहाँलाई विद्वत्ता वा सम्पत्तिले होइन, आफ्नो असल व्यवहारले सबैको प्रिय र श्रद्धेय बनाएको रहेछ ।

**पुराना नेताको बोली**

यही पृष्ठभूमिमा गिरिजाप्रसाद कोइरालासँग सम्बन्धित एउटा घटना पनि सान्दर्भिक हुन सक्छ । सन् २०१० मा उहाँको निधनभन्दा केही समयअगाडि मात्र किताबका लागि अन्तर्वार्ताका क्रममा म र मेरा सहलेखक उहाँकहाँ गएका थियौं । शान्ति प्रक्रियाबारे विस्तारमा बुझाउँदै जाँदा एक पटक उहाँले दिक्क मान्दै केही नयाँ नेताका नामै लिएर भन्नुभयो, 'के गर्नु, फलाना-फलानाले मसँग झुट्टा कुरा गर्छन् ! एउटा कुरा गर्छु भनेर अर्को कुरा गर्छन् !' मैले सुने अनुसार, गिरिजाप्रसाद पनि आफूले दिएको वचन जसरी पनि पूरा गर्ने स्वभावको हुनुहुन्थ्यो । त्यसैले साना-ठूला राजनीतिक विषयहरूमा अरू नयाँ नेताले झुक्याउन खोजेपछि जीवनको अन्तिम समयमा उहाँ दु:खी हुनुहुन्थ्यो ।

मैले उहाँभन्दा पहिलाका अरू दलका नेताहरूलाई भेट्ने मौका त पाइनँ, तर मनमोहन अधिकारी पनि वचनमा इमानदार भएको सजिलै अनुमान गर्न सकिन्छ । उहाँ मात्र होइन, प्राय: पुराना नेताहरू, कम्तीमा व्यक्तिगत सम्बन्धमा अहिलेजस्तो सजिलै ढाँट्ने खालका थिएनन् । त्यसैले नेपाली समाजको चरित्र पनि ढाँट्ने वा छल्ने किसिमको थिएन । केही नाम चलेका युवा नेताहरूलाई हेर्दा, अहिले त्यसमा परिवर्तन आएजस्तो देखिन्छ ।

**युवा नेताहरूको बोली**

मैले केही युवा नेतासँग काम गर्दा उनीहरू पुराना नेताहरूभन्दा मतलबी, अलि बढी अहम् भएका र आफ्नो बोलीलाई हल्का रूपमा लिने किसिमको पाएँ । जनताले अत्यन्तै आस गरेका एक लोकप्रिय युवा नेतासँग कामविशेषले सम्पर्क गर्दा उनी सोचेभन्दा फरक लागे । उनी आफ्नो बोलीमा गैरजिम्मेवार लाग्यो । काम पर्‍यो भने जे पनि गर्न तयार तर आफू ठूलो युवा नेता भएपछि त अरूसँग जस्तो व्यवहार गरे पनि भयो भनेझैं गर्ने । आफैं आउँछु भनेको कार्यक्रममा खबरै नगरी नआउने, गर्छु भनेको काम नगर्ने, कुनै संवेदनशीलता नै नभएको । सुरुमा लाग्यो यो व्यक्तिविशेषको मात्र समस्या हो ।

तर, निकै सम्मानित र नाम चलेका अर्का युवा नेताको व्यवहार पनि उस्तै पाएँ । विदेशबाट एक प्रोफेसर आएका थिए, जोसँग भेट गराइदिन ती युवा नेताले विशेष अनुरोध गर्दै भने, 'समय कन्फर्म गर्न बेलुका फोन गर्छु ।' प्रोफेसरका पूर्वनिर्धारित भेटहरू भएकाले समय मिलाउन निकै गाह्रो थियो । बल्लबल्ल समय मिलाएँ । तर, ती युवा नेताले न बेलुका फोन गरे, न त मैले गरेकै फोन उठाए । नेपालका सन्दर्भमा यो सामान्य होला तर विदेशी प्रोफेसर लाई असामान्य लाग्यो । उनले मलाई भने, 'सामान्य पेसागत आचरण पनि नभएको व्यक्ति कसरी तपाईंको देशको ठूलो युवा नेता भयो ?' यी दुइटा घटनाबाहेक, अरू केही युवा नेता पनि पुराना नेताहरू जस्तो आफ्नो बोलीप्रति पक्का नभएको पाएँ । वचनको पालना नगर्नु नेपाली समाजको प्रवृत्ति भइसकेको छ ।

**इमानदार र लोकतान्त्रिक चरित्र**

जहाँ राजनीतिकर्मीले जनतालाई लुट्छन् र भ्रष्टाचार गर्छन्, तिनलाई विभिन्न किसिमका अपराधमा उन्मुक्ति मिल्छ र तिनको अनैतिक आचरण सामान्य हुन्छ, त्यहाँ आफ्नो बोलीप्रति इमानदार नहुने विषय गौण लाग्न सक्छ । तर यो व्यक्तिको लोकतान्त्रिक चरित्रको आधारभूत गुण हो । लोकतन्त्र जनता र जनप्रतिनिधिबीचको विश्वासमा चलेको हुन्छ । विश्वास कायम राख्न इमानदारी चाहिन्छ । जो व्यक्ति आफ्नो बोलीप्रति नै इमानदार छैन, ऊ कसरी देश र जनताप्रति इमानदार हुन सक्छ ?

आफूले बोलेको कुरा पुर्‍याउनु, सबैलाई सम्मान गर्नु लोकतान्त्रिक मूल्यसँग पनि जोडिएको छ । लोकतान्त्रिक चरित्र भएको व्यक्तिले कुचीकार र प्रधानमन्त्रीलाई समान मानवीय व्यवहार गर्छ । कुचीकार भयो भन्दैमा ऊसँग बोलेको कुरालाई हल्का रूपमा लिने वा ऊसँग पेसागत आचरण नदेखाउने गरिँदैन । किनभने कुचीकारसँग गर्ने व्यवहारले कुचीकारको हैन, व्यवहार गर्ने व्यक्तिको स्तर देखाउँछ । त्यसैले कसैले कसैलाई भनेको वचन पूरा गरेको छैन वा ढाँटिरहेको छ भने त्यो सम्मान होइन, म ठूलो नेता भएपछि जे गरे पनि हुन्छ भन्ने अहमत्याइँ हो । जनताले आस गरेका युवा नेताहरूमा यस्तो र अरू अलोकतान्त्रिक चरित्र र प्रवृत्ति देखिनु नेपाली राजनीतिका लागि निकै चिन्ताको विषय हो ।

तर नेपाली राजनीतिमा यस्ता व्यक्तिगत मूल्यमान्यताबारे बहसै हुन छाड्यो भन्दा पनि हुन्छ । पहिला नेपाली राजनीति र समाजमा केही त्यस्ता मूल्यमान्यता थिए जसले गर्दा हिमालयशमशेरजस्ता इमानदार व्यक्तिहरू प्राय: भेटिने गर्थे । तर अहिले हाम्रो समाज र राजनीतिमा यस्तो प्रवृत्तिको विकास भएको छ जसले गर्दा इमानदार र असल नेता पाखा लागेको छ, लगाइएको छ । यसले गर्दा नै समाज र राजनीतिमा यति विधि विकृति फैलिएको हो । हाम्रो समाजमा असल व्यक्तिको होइन, शक्ति र स्रोतका लागि जुनै हदसम्म पनि जाने चरित्रहरूको दबदबा भएको हो । नेपालमा लोकतन्त्रलाई खोक्रो बनाउने यस विषयबारे राजनीतिक दलहरूभित्र बहस आवश्यक छ ।

युरोपका केही सफल लोकतन्त्रको उदाहरण लिने हो भने, त्यहाँका अधिकांश नेता र जनता दुवै इमानदार हुन्छन् । उनीहरूको लोकतन्त्र आपसी विश्वासमै चलेको हुन्छ । नेताहरू भ्रष्टाचार गर्दैनन्, त्यसैले जनताहरू कर छल्न खोज्दैनन् । यसै वर्ष एउटा स्क्यान्डिनेभिएन देशमा चुनाव नेपालमा भएकै बेला भएको थियो । त्यहाँका एक एकदमै लोकप्रिय नेता (जसलाई भावी प्रधानमन्त्रीका रूपमा हेरिएको थियो) ले व्यक्तिगत जीवनका सन्दर्भमा सञ्चार माध्यमसँग सही तथ्य बोलेनछन् । यो कुरा बाहिर आउनासाथ ती नेता र उनको दलको लोकप्रियता स्वाट्टै घट्यो । स्थानीय तह चुनावमा तेस्रो भएको त्यो दल संसदीय चुनावमा सातौं स्थानमा झर्‍यो । किनभने त्यहाँका सजग जनताले बुझेका थिए, व्यक्तिगत जीवनमा इमानदार नहुने नेता जनताप्रति पनि इमानदार हुन सक्दैन । त्यसैले ती मुलुकहरूमा भन्ने गरिन्छ– सक्षम नेता हुनका लागि पहिले असल मान्छे हुन सक्नुपर्छ ।

**हिमालयशमशेरको अवसानले गराएको बोध**

जीवन मृत्युको तयारी रहेछ, किनभने हरेक जीवनको अन्त्य मृत्युबाटै हुन्छ । हरेक सासफेराइले मानिसलाई मृत्युनजिक पुर्‍याइरहेको हुन्छ । हिमालयशमशेरको मृत्युले पनि हामीलाई के बुझाएको छ भने, जति नै सम्पत्ति आर्जन गरे पनि, समाजमा जति नै प्रतिष्ठा भए पनि एक दिन सब छोडेर जानुपर्छ । बाँकी रहने त आफूले गरेका असल कामहरूबारे अरूहरूका मनमा रहने सम्झना मात्र हुन् ।

त्यसैले सायद मृत्युको अवश्यम्भाविता राजनीति र समाजमा नैतिकताका पक्षमा वकालत गर्ने सबैभन्दा बहुमूल्य आधार हुन सक्छ । यदि सबै कुरा छोडेर जानैपर्छ भने, शक्ति वा सम्पत्तिका लागि नैतिकता लिलाम गरेर के फाइदा ? फेरि, अन्तिम घडीमा कसैले पनि आफूसँग यति पैसा छ वा आफू यति शक्तिशाली छु भन्ने सोचेर प्राण त्यागेको भन्ने सुनिँदैन । सबैजसोले आफूले जीवनमा गरेका असल कामहरू नै सम्झने हुन् । त्यसैले भनिन्छ, असल काम गर्नेहरूले शान्तिपूर्वक मृत्युवरण गर्छन् भने कुकर्म गर्नेहरू मर्ने बेला आत्मग्लानिले बेचैन हुन्छन्, उनीहरूमा निकै छटपटी हुन्छ । यसतर्फ धर्मले मात्र नभएर मनोविज्ञानले पनि संकेत गरेको छ ।

अहिले भएका प्रमुख दलका सबै प्रमुख नेता मृत्युको मुखमा छन् । उनीहरूसँग थोरै जीवन बाँकी छ । मृत्युको यही सत्यतालाई अहिले नै आत्मसात् गरेर उनीहरूले आफ्नो मृत्यु शान्तिपूर्ण बनाउन सम्झनलायक केही काम गरे सायद हाम्रो राजनीति सही दिशामा मोडिन सक्थ्यो । कसैको मरणले सिकाएको योभन्दा महत्त्वपूर्ण पाठ अर्को के हुन सक्ला र ?

*(साभार: ई-कान्तिपुर)*

### प्रचण्ड र ओलीबीच २३ पटक वार्ता :

# किन हुन सकिरहेको छैन सहमति ?

काठमाडौं/पुस ११ गते माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको नेतृत्वमा सरकार गठन भए यता प्रधानमन्त्री प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच पटक-पटक वार्ता भएका छन् । तर सबैभन्दा पेचिलो बनेको राष्ट्रपतिको निर्वाचनको विषयमा हालसम्म दुई जनाको बीचमा निर्णायक वार्ता भएको छैन ।



पुस १० देखि फागुन ५ गतेसम्म प्रचण्ड र ओलीबीच वान टु वान २३ पटक भेटघाट भएका छन् तर ती वार्ताले कुनै निष्कर्ष निकाल्न सकेको छैन । राष्ट्रपतिको विषयलाई लिएर गठबन्धनमा विवाद उत्पन्न भएपछि उनीहरूको बीचमा एक दुई दिन बिराएर छलफल हुने गरेको छ । कहिले बालुवाटार त कहिले बालकोट त कहिले खुमलटारमा उनीहरूको बीचमा वार्ता र छलफल भएका छन् तर सहमति भने भइरहेको छैन ।

प्रधानमन्त्री प्रचण्डका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलका अनुसार दुवै पक्ष आआफ्नो अडानमा रहेको कारण सहमति नबनेको हो । दुवै जनाको बीचमा सहमति भएपछि मात्र निर्णायक छलफलका लागि बस्ने उनले बताए । उनले भने, 'कुनै विषयमा कुरा फरक भएपछि यसरी नै दुई पक्षमा पटक पटक छलफल हुन्छ र अन्त्यमा गएर निर्णायक वार्ता हुने गरेको छ । दुवै जनाको बीचमा विभिन्न कोणबाट छलफल चलिरहेको छ, कुरा मिलेपछि निर्णायक वार्ता गरेर त्यसलाई टुङ्ग्याइने छ ।'

पुस १० गते माओवादी केन्द्रलाई प्रधानमन्त्री दिने सहमति भएपछि राष्ट्रपति एमालेको भागमा परेको सो पार्टीका नेताहरूको दाबी छ । प्रधानमन्त्री र सभामुख आधा आधा कार्यकाल दुवै पार्टीले लिने र राष्ट्रपति एमाले र उपराष्ट्रपति माओवादी केन्द्र तथा उपसभामुख राष्ट्रिय स्वतन्त्र पार्टीलाई दिने सहमति भएको एमालेका नेताहरूले दाबी गरिरहेका छन् तर माओवादी केन्द्रका नेताहरूले भने राष्ट्रपतिको विषयमा त्यस्तो कुनै सहमति नभएको भन्दै आएका छन् ।

एमालेका अध्यक्ष ओलीले पुस १० को सहमति सम्झाइरहेका छन् भने प्रधानमन्त्री प्रचण्ड राष्ट्रपतिमा राष्ट्रिय सहमति बनाऔं भन्दै प्रस्ताव गरेका छन् । दुवै जना आ-आफ्नो अडानमा भएपछि विवाद बढ्दै गएको हो । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीमा कांग्रेसबाट पनि विश्वासको मत लिएपछि सत्ता गठबन्धनमा समस्या देखिन सुरु भएको हो ।

राष्ट्रपति कांग्रेसलाई दिने माओवादी र कांग्रेसबीच लगभग सहमति भइसकेको कांग्रेस नेताहरु दाबी गर्छन् । राष्ट्रपति पाउनेमा लगभग कांग्रेस ढुक्क देखिन्छ । राष्ट्रपतिका लागि कांग्रेसले तयारी गरिरहेको देख्दा एमाले सशङ्कित बनेको छ । त्यही भएर पार्टी अध्यक्ष ओली प्रधानमन्त्री प्रचण्डलाई विश्वासमा लिनका लागि पटक-पटक बालुवाटार गएर छलफल गरेका छन् । तर प्रधानमन्त्री प्रचण्ड पनि एमालेलाई राष्ट्रपतिमा 'राष्ट्रिय सहमति' को आफ्नो अडानमा सहमत गराउन चाहन्छन् । तर अध्यक्ष ओली टसमस भइरहेका छैनन् ।

शुक्रबार भएको छलफलमा प्रधानमन्त्री प्रचण्डले आफू राष्ट्रपतिका लागि दलहरूसँग छलफल गर्न लागेकाले त्यसमा सहयोग गर्न ओलीसँग आग्रह गरेका थिए तर अध्यक्ष ओलीले एमाले पुस १० गतेको सहमतिमा कायम रहेको भन्ने जवाफ दिएका थिए ।

माओवादी केन्द्रका सचिव लीलामणि पोखरेलले निर्णायक वार्ता नहुनुमा दलहरूको आ-आफ्नो अडानमा कायम रहनु नै भएको बताए । 'सहमतिका लागि दुईजना अध्यक्षको बीचमा प्रयास हुँदैछ, सहमति भएपछि निर्णायक वार्ता हुन्छ । सहमति नै नभएपछि निर्णायक वार्ता सम्भव छैन,' भन्दै उनले माओवादी केन्द्र राष्ट्रपतिको लागि राष्ट्रिय सहमतिको पक्षमा रहेको तर एमालेले आफूले नै पाउनुपर्ने अडानमा रहेको कारण कुरा नमिलेको जिकिर गरे ।

'एमाले राष्ट्रिय सहमति (प्रमुख दलहरू)बाट डराउनु हुँदैन । हुनसक्छ राष्ट्रिय सहमति गर्दा राष्ट्रपति सोही दलले पाउँछ कि ? तर एमालेलाई आफैँमाथि विश्वास नरहेको देखियो,' उनले भने । सचिव पोखरेलले राष्ट्रिय सहमतिका लागि बैठक बस्दा अन्य दलहरूले एमालेलाई समर्थन नगर्न सक्छ भन्ने सो पार्टीमा आशंका रहेको कारण माओवादी केन्द्रसँग मात्र बार्गेनिङ गरिरहेको बताए ।

तर एमालेका सचिव योगेश भट्टराईले भने राष्ट्रिय सहमतिका लागि एमाले नडराएको बताए । उनले भने, 'एमाले पनि राष्ट्रिय सहमति गर्न तयार छ । तर सत्ता गठबन्धनभित्रै खोज्नुपर्छ । त्यसमा काँग्रेसलाई ल्याएर हुँदैन । सहमतिको कुरा गर्ने अनि त्यसमा कांग्रेसलाई पनि छिराउने काम प्रचण्डजीले गरिरहनुभएको छ । कुरा त्यहाँ नै बिग्रेको हो ।'

अहिलेको सत्ता गठबन्धन भित्रबाट नै राष्ट्रपति बन्नुपर्छ र त्यसमा अध्यक्ष प्रचण्डले काँग्रेसको पनि समर्थन लिनुभयो भने झन् राम्रो भन्दै उनले गठबन्धन बाहिरका दल काँग्रेस वा अन्य कुनै दललाई र ाष्ट्रपति दिन नहुने उनले बताए ।

राष्ट्रपतिको विषयमा माओवादी र एमालेबीच सहमति भइसकेको बताउँदै उनले एमालेले राष्ट्रपति पाउने भनेर माओवादीसँग सहमति नै भइसकेको दाबी गरे । उनले भने- 'उहाँ (प्रचण्ड) आफैँले राष्ट्रपति लिनुस् भनेर दिन आएकाले अहिले पनि राष्ट्रपति एमालेकै हुन्छ ।'

सत्ता गठबन्धनका मुख्य दुई दलका अध्यक्षबीच प्रारम्भिक छलफल भइरहेको र उनीहरू सहमतिको नजिक पुगिसकेको पनि उनको भनाइ छ । उनले १२-१३ गते निर्णायक वार्ता हुने र त्यसअघि नै दुवै दलको बीचमा सहमति पनि हुने दाबी गरे ।

*(स्रोत: रातोपाटी)*

# हिमालयन शेर्पाको जितसँगै सेमिफाइनल समिकरण पूरा

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ हिमालय शेर्पा क्लब हेटौंडामा जारी स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकपको अन्तिम चारमा प्रवेश गरेको छ । हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा शनिवार भएको अन्तिम क्वाटरफाइनल खेलमा हिमालयनले फ्रेण्डस् क्लब काठमाडौंलाई २-१ गोलले पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको हो ।



हिमालय शेर्पाको जितसँगै गोल्डकपमा सेमिफाइनल समिकरण पूरा भएको छ । हिमालय शेर्पाले फाइनल प्रवेशका लागि क्यामरुनी टोली एभिनियर एफसीसँग प्रतिस्पर्धा गर्नेछ । एभिनियरले यसअघिको क्वाटरफाइनल खेलमा बीरगञ्ज युनाइटेडलाई हराएर अन्तिम चारमा स्थान पक्का गरेको थियो ।

प्रतियोगिताअन्तर्गत् आइतबार मनाङ मर्स्याङ्दी र एपीएफ क्लबबीच प्रतिस्पर्धा हुनेछ । मनाङले शुक्रबार आयोजक मकवानपुरलाई पराजित गरेको थियो । एपीएफले त्रिभुवन आर्मीलाई पेनाल्टी सुटआउटमा निरीह बनाएको थियो ।

शनिवार भएको अन्तिम क्वाटरफाइनल खेलमा हिमालयनलाई जिताउन अमृत श्रेष्ठ र कप्तान विश्वास श्रेष्ठले एक-एक गोल गरे । पहिलो हाफ बराबरी भएको खेलमा दोस्रो हाफको ४८ औं मिनेटमा अमृतले गोल गर्दै हिमालयन शेर्पालाई अग्रता दिलाएका थिए । कप्तान विश्वासको फ्रिकिकमा अमृतले बललाई पोलमा ठोक्काउँदै जाली चुमाए ।

फ्रेण्ड्सका मकवानपुरे खेलाडी एन्जल महर्जनले खेलको ६८ औं मिनेटमा करिब ३० यार्ड परबाट प्रहार गरेको बल सिधै गोल पोष्टभित्र छिरेको थियो । हिमालयनका कप्तान विश्वासले खेलको ८१ औं मिनेटमा डिबक्सभित्र फ्रेण्ड्सका डिफेन्डर असिम भुषाल र गोलरक्षक विशाल सुनुवारलाई छक्याउँदै उत्कृष्ट गोल गरे ।

खेलमा हिमालयन शेर्पाका कप्तान विश्वास म्यान अफ दी म्याच चुनिए । उनले नगद १० हजार पाएका छन् ।

जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा भएको प्रतियोगितामा विजेता हुने टोलीले १५ लाख रुपैयाँसहित ट्रफी पाउनेछन् भने उपविजेताले १० लाख रुपैयाँ सहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले रोयल इन्फिल्ड (बुलेट) मोटर साइकल पाउने छन् ।

# विपिन कार्कीले काँधमा बोकेको 'फूलबारी'

काठमाडौं/परम्परागत कथ्यशैलीलाई भत्काउने एउटा सशक्त फिल्म थियो, 'कबड्डी' । र, यसलाई निर्देशन गरेका थिए रामबाबु गुरुङले । फिल्ममा थकाली संस्कार, संस्कृति र परिवेशलाई यसरी बुनिएको थियो कि साँच्चै मौलिक आभास गराएको थियो । दर्शकले पनि ताजा महसूस गरे । तर, के यसपछि निर्देशक गुरुङले मौलिकपन आभास गराउने कथा भन्न सकेका छन् ? नेपाली समाजलाई सुक्ष्म अध्ययन गरेर त्यहाँका कथा-व्यथालाई उधिन्न सकेका छन् ? जवाफ एउटै छ, उनी सिर्जनात्मक कम, बजार मुखी बढी भएका छन् ।

'कबड्डी'को दोस्रो श्रृंखलादेखि चौथो श्रृंखलासम्मको कथावाचन शैली हेर्ने हो भने उनी सिर्जनात्मक पक्षमा चुकेको भान हुन्छ । व्यवसायिक लोभले कथा तानतुन पारेर, दुई/चारवटा पेचिला र हाँसो फुटाउने पन्चलाइन राखेर, बजारको ध्यान खिच्न जबर्जस्ती गीत घुसाएर उनले 'कबड्डी'को नाम मात्र बेचिरहेका छन् । सिर्जनात्मक र कलात्मक पक्षको अभाव छ । 'कबड्डी' जस्तो मौलिक फिल्म दिएका निर्देशक यी कुरामा अल्झिनु उनलाई भन्दा ठूलो घाटा फिल्म क्षेत्रलाई हो ।

उनै, निर्देशक रामबाबु गुरुङले निर्देशन गरेको नयाँ फिल्म 'फूलबारी'ले शुक्रबारबाट हलको दैलो टेकेको छ । ट्रेलर रिलिज भएदेखि नै फिल्मको कथासार बलिउड फिल्म 'बागवान'सँग मिल्दोजुल्दो देखिएको भन्दै टिप्पणी भएको थियो । के निर्देशक गुरुङले नेपाली भर्सनको 'बागवान' नै बनाएका हुन् त ? उनले फोटोकपी नै बनाएका छन् भन्दा ठूलो अन्याय हुन्छ । कथा र पटकथा नेपाली समाजसँग नजिक छ । हरेक नेपालीले अपनत्व महसूस गर्ने कथा छ । तर, कथासार भने 'बागवान'सँग मिल्दोजुल्दो नै छ ।

जयनारायण शर्मा (विपिन कार्की) को वरपर फिल्मले २ घन्टा ९ मिनेट फन्को मारेको छ । शिक्षण पेशाबाट सेवानिवृत्ति भएका जयनारायणका तीन छोरा, एक बुहारी र एक नातिनी छन् । उनी श्रीमती लक्ष्मी शर्मा (अरुणा कार्की) सँग चियाबगानले ढाकिएको गाउँमा बस्छन् । सन्तानहरु चाडपर्वमा मात्र घर आउँछन्, दुई दिन बस्छन् अनि लाखापाखा लाग्छन् । गाउँको बुढो घर जयनारायण दम्पतीको सहारा बनेको छ । अनि, उनीहरु एकअर्काका सहारा बनेका छन् । उनीहरुमा औधी प्रेम छ ।

जेठो छोराले काठमाडौंको ठूलो फ्याक्ट्री हाँकिरहेको छ । माइलो छोरो संगीतमा करिअर बनाउने सपना बोकेर हिँडेको छ । कान्छो छोरा अष्ट्रेलिया हानिएको छ । तीनैजना सन्तानलाई आमा-बुबाभन्दा प्यारो करिअर छ । आमा-बुबालाई समय दिन उनीहरुसँग समय नै छैन । जयनारायण दम्पती कोही एक सन्तान गाउँमै बसिदिएर बुढेसकालको सहारा बनिदिए हुन्थ्यो भन्ने ठान्छन् । तर, सन्तानको खुसी गाउँमा छैन । आमा-बुबाको साथमा छैन ।

कान्छो छोरालाई अष्ट्रेलिया उडाउन गहना समेत बैंकमा धितो राखेको जयनारायणको परिवारमा उथलपुथल तब सुरु हुन्छ जब लक्ष्मी शर्मा विरामी भएर उपचारका लागि काठमाडौं लैजानु पर्ने हुन्छ । काठमाडौंमा जेठो छोराको आलिसान घरमा जयनारायण दम्पतीको प्रवेशपछि आउने आरोह-अवरोह नै फिल्मको केन्द्रीय द्वन्द्व हो । छोराहरुले गर्ने बेवास्था, बुहारीको रुखो बोलीले जयनारायण दम्पतीमा के वित्छ भन्ने फिल्ममा देखाइएको छ ।

कथा कसिलो नहुँदा फिल्मको गति सुस्त छ, मध्यान्तर अघि र पछि पनि । एउटा कुरा बुझाउन लामा-लामा दृश्य प्रयोग गरिएको छ । तर, पेचिलो पन्चलाइन र मनछुने संवादले निन्द्रासँग साक्षात्कार गर्न दिँदैन । फिल्मलाई धानेको नै संवादले हो । संवाद यतिसम्म सशक्त छ कि कति दृश्यमा गह भरिन्छ । जयनारायणले श्रीमतीसँग गर्ने प्रेमिल वार्तालापले प्रेम महसूस गराउँछ । प्रेम गर्न उमेर बाधक हुँदैन भन्ने सन्देश जयनारायण दम्पतीले दिएको छ ।

'फूलबारी' विपिन कार्कीकै लागि लेखिएको र बनेको हो भन्दा गलत हुँदैन । जयनारायणको चरित्रमा उनले प्राण भरेका छन् । उनको अभिनयले हरेक विन्दूमा कि हँसाउँछ कि आँसुले गह भरिन्छ । उनी फिल्मका मेरुदण्ड हुन् । जयनारायणको चरित्रमा उनको विकल्प अरु हुनै सक्दैन थियो भन्ने कुरा उनले अभिनयबाट प्रमाणित गरेका छन् । फिल्म हेरेर निस्कँदा समेत उनी आँखाबाट हट्दैनन् । यो फिल्मबाट उनले आफ्नो अभिनय करिअरमा एउटा इट्टा थपेका छन् । अरुणा कार्कीको अभिनय पनि स्वभाविक छ । श्रीमती, सासू, आमा, हजुरआमाको विभिन्न आयाममा उनले आफूलाई सशक्त रुपमा प्रस्तुत गरेकी छन् । छोराको भूमिकामा देखिएका सोमनाथ खनाल, अनुपम शर्मा र मनिष ढकालको अभिनय पनि प्रशंसनीय छ । भूमिका छोटो भए पनि अनुपमको चरित्र चित्रण विपिन कार्कीपछिकै उम्दा छ ।

# चिनियाँ ऊर्जा अधिकारीहरू नेपाल आउँदै

काठमाडौं/चीनसँग जोड्ने प्रसारणलाइन सञ्जाल निर्माणबारे छलफल गर्न आइतबार चिनियाँ ऊर्जा अधिकारीहरुको टोली नेपाल आउने भएको छ । चीन जोड्ने ४ सय केभीको रातमाटे-रसुवागढी-केरुङ प्रसारणलाइनको विस्तृत सम्भाव्यता सकिएपछि चीनको स्टेट ग्रिड कर्पोरेसनको टोली नेपाल आउन लागेको हो ।



शनिबार भारतको राजस्थानमा नेपाल-भारतसँग ऊर्जा सचिवस्तरीय बैठक भएको भोलिपल्टै चिनियाँ टोली नेपाल आउन लागेको हो । चीनको टोली नेपाल आएपछि के-के विषयमा छलफल हुन्छ भन्नेबारे नेपाल विद्युत् प्राधिकरणका अधिकारीहरुले बताउन चाहेका छैनन् ।

चिनियाँ अधिकारीहरु प्रसारणलाइन बनाउनेबारे छलफल गर्न आउन लागेका हुन् । नेपाल विद्युत प्राधिकरणले चीन जोड्ने प्रसारणलाइनको नेपालतर्फको भू-भागमा इन्जिनियरिङ डिजाइन सहितको अध्ययन लगभग सकाएको छ ।

प्राधिकरणले लामटाङ राष्ट्रिय निकुञ्ज बाहिर र निकुञ्जभित्रबाट जाने दुई वैकल्पिक रुटको सम्भाव्यता अध्ययन गरेको छ । सकेसम्म निकुञ्ज छलेर नै करिब ७० किलोमिटरको प्रसारणलाइन बनाउने सरकारी योजना छ ।

प्राधिकरणका अनुसार आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) बनाउने काम भइरहेको छ । ईआईए तयार भएपछि परियोजना निर्माणको काम अघि बढाउन बाटो खुल्ने छ ।

२०७६ पुसमा बसेको नेपाल-चीनबीचको संयुक्त ऊर्जा सम्बद्ध प्राविधिक समिति बैठकमा आ-आफ्नोतर्फका भू-भागमा पर्ने प्रसारणलाइनको निर्माणको लागि विस्तृत अध्ययन अघि बढाउने निर्णय भएको थियो । परियोजनाको संयुक्त प्राविधिक स्तरमा विस्तृत अध्ययन गर्ने विषयमा प्राधिकरण र स्टेट ग्रिड कर्पोरेसन अफ चाइनाबीच सहमति भएको थियो ।

नुवाकोटको रातमाटेबाट चीनको रसुवागढीसम्म पुग्ने प्रसारणलाइन निर्माणका लागि प्राधिकरणले करिब ६ वर्षअघि नै अध्ययन अघि बढाउने निर्णय गरेको थियो । सन् २०१६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा चीनसँग अन्तरदेशीय प्रसारणलाइन निर्माण गर्ने समझदारी भएको थियो ।

सम्भाव्यता अध्ययन गर्नुअघि नै चीनले प्रसारणलाइन निर्माणका लागि लगानी मोडालिटी टुंग्याउन प्रस्ताव गर्दै आएको थियो । चीनले उच्च क्षमताको अन्तरदेशीय प्रसारणलाइन पूर्ण अनुदानमा बनाउन नसकिने बताएपछि अध्ययन प्रक्रिया समेत लामो समय अल्झिन पुगेको थियो ।

तर, अध्ययनको मोडालिटीमा गाँठो फुकाएर काम थालेको करिब तीन वर्षमा प्राधिकरणले अध्ययन सकाएर थप प्रक्रिया अघि बढाएको छ । विद्युत व्यापारको ढोका खोल्ने महत्वपूर्ण अन्तरदेशीय प्रसारणलाइनको निर्माण सुरु गर्न ढिलाइ गर्न नहुने पक्षमा प्राधिकरण छ ।

चीनले केरुङ नाकादेखि ७९ किलोमिटर पर जिलोङमा आफ्नो ४ सय केभीको सबस्टेसन तयार गरिसकेको छ । सोही सबस्टेसनमा लगेर यो लाइनलाई जोड्ने योजना छ । यसका लागि चीनले केरुङ नाकादेखि जिलोङसम्मको प्रसारणलाइन बनाउनुपर्ने छ ।

नेपालमा भने एमसीसी परियोजना अन्तरगत नै रातमाटेमा ४ सय केभीको सबस्टेसन बनिरहेको छ । सोही सबस्टेसनबाट चीनतर्फको प्रसारणलाइन जोडिनेछ ।

यो प्रसारणलाइन बनेपछि नेपाल-चीनबीच विद्युत व्यापार सुरु हुन सक्छ भने चीनले नेपालसहित अन्य दक्षिण एसियाली देशहरुसँग पनि बिजुली किन्न/बेच्न सक्ने आयोजनाका अधिकारीहरु बताउँछन् ।

चीनसँग प्रसारणलाइन बनाउन परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययनअनुसार चीनतर्फ ५ सय केभीको लाइन हुनेछ भने नेपालतर्फ ४ सय केभीको । बीचमा कन्भर्टर स्टेसन राखेर व्यवस्थापन गर्ने योजना छ । तर, चीनतर्फको परियोजनामा भइरहेको प्रगतिबारे प्राधिकरण पूर्ण जानकार छैन । परियाजनाबारे चीनसँग द्विपक्षीय बैठक बसेर थप विषयहरु टुंग्याउन लागिएको हो ।

# 'अघिल्लो संसद्ले नटुंगाएको महाभियोग अर्को संसद्रुमा लानु संविधानको सिद्धान्त विपरीत'

काठमाडौं/प्रतिनिधि सभाका लागि बनाउन लागिएको नियमावलीका केही प्रावधान संवैधानिक दृष्टिले उपयुक्त नभएको संविधानविद् डा.भीमार्जुन आचार्यले बताएका छन् ।

नवनिर्वाचित प्रतिनिधि सभाका लागि नियमावली तयार पार्न सभामुखले विभिन्न दलका सांसदहरू सदस्य रहेको मस्यौदा समिति गठन गरेका थिए । सो समितिले तयार गरेको मस्यौदामा प्रतिनिधि सभाको ५ महिनाको समय नरहेको अवस्थामा कुनै संवैधानिक निकायमा पदाधिकारीमाथि लागेको महाभियोग नटुङ्गिएको अवस्थामा सो को बाँकी काम अर्को नवनिर्वाचित संसद्मा सर्ने भन्ने व्यवस्था राख्नेबारे समितिमा सहमति जुटेको छ । तर एउटा संसद्ले गर्न नसकेको काम अर्को निर्वाचित संसद्ले गर्ने विषय संवैधानिक, कानुनी रूपमा व्यवहारिक नहुने डा.आचार्यको तर्क छ ।

संचारकर्मीसँग कुरा गर्दै आचार्यले-'यस्तो नियम संविधानको शास्त्रसँग मेल खाँदैन । किनभने नयाँ आउने त्यो सांसदको म्यान्डेट, जनादेश फरक हुने भएको हुनाले मेल नखाने हो । हामीले संवैधानिक कानुनमा के पढ्छौं भने अघिल्लो वा 'पास आउट' संसद्ले पछि आउने संसद्लाई बन्धनकारी ढङ्गले बाँध्न पाइँदैन भन्ने हुन्छ । त्यसको कारण भनेको संसद् सार्वभौमिक हुन्छ वा स्वतन्त्र हुन्छ, जनताको जनादेशको आधार अनुसार हुन्छ भन्ने मान्यतामा यसो भनिएको हो ।'

उनले अगाडि भने-'कुनै संसद्मा प्रस्तुत भएका विधेयकहरू, कामहरू त्यो संसद्को सम्पत्ति हो । त्यस कारण कुनै संसद्को अन्त्य भएसँगै त्यो संसद्मा भएका विधेयकहरू निष्क्रिय हुने भनेर संविधानमा लेखेका हौँ, महाभियोगको बारेमा केही पनि लेखेनौं । तर महाभियोग लागेपछि त्यसलाई पूरा गर्नु त पर्छ तर अघिल्लो संसद्ले पूरा गर्न नसकेको काम अर्को संसद्ले गर्नुपर्छ भनेर नयाँ संसद्मा बाध्य गराउन मिल्दैन ।' उनले प्रत्येक संसद्को आफ्नो छुट्टै अस्तित्व हुने भएकोले गएको अघिल्लो संसद्ले बाध्यकारी नियम बनाउन नसक्ने बताए ।

आचार्यले भने-'यही संसद्को पनि कुरा गर्ने हो भने यसले २०७५ सालको नियम मानेन । त्यही नियमावली मानेको भए त हुन्थ्यो तर मानेन । किनभने नयाँ जनादेश देखाउनका लागि नयाँ नियमावली बनाउन लागेका हुन् । पछि आउने संसद्ले पनि नयाँ नियमावली बनाउँला, के गर्ने वा नगर्ने भन्ने त नयाँ आउने संसद्ले आफैले भन्ला । संविधानको सिद्धान्त अनुसार एउटा संसद्ले अर्को संसद्लाई बाध्यकारी ढङ्गले नियम बनाउन मिल्दैन ।'

व्यवस्था अनुसारको नियमावली पारित भए पनि पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा माथिको महाभियोग जगाएर काम गर्न सम्भव नहुने आचार्यले बताए । उनले भने-'नियमावलीमा यस्तो व्यवस्था राख्नुको नियत अगाडिको महाभियोगमा काम गर्नका लागि पनि देखिन्छ तर प्राविधिक समस्या के छ भने हाम्रो संविधानमा पदमुक्त गर्नका लागि महाभियोग लगाउने भन्ने व्यवस्था छ । तर कुनै पदाधिकारीको पद नै नभए के गर्ने ? यो विवादको विषय हो । तर सांसदको चाहना छ भने त्यसलाई सक्रिय बनाएर अगाडि बढाउन संसद्मा कुनै प्रस्ताव लगेर त्यसलाई पारित गरेर पनि लैजान सकिने हुन्छ ।'

राणामाथि लगाएको महाभियोग निष्कर्षमा नपुगेका बेला नियमावलीमा गरिन लागेको सोही व्यवस्था बमोजिम बाँकी रहेको काम पूरा गर्न सकिने कतिपय सांसदले बताएका छन् । तर भूत प्रभावी कानुन बनाएर जान नसकिने र पूर्व प्रधानन्यायाधीशको यतिबेला पद नै नभएका कारण यो प्रकरणलाई अघि बढाउनु संविधान अनुसार उचित नदेखिने आचार्यले बताए ।

समितिका सभापति केसी भन्छन्-'संसद् टुङ्गिन लागेको बेला महाभियोग लागे के गर्ने ? यता नियमावली मस्यौदा समितिका सभापति समेत रहेका सांसद चित्रबहादुर केसीले नयाँ आउने महाभियोगको घटनाका लागि मात्र सो नियम राख्न खोजिएको बताए । उनले अरू देशले पनि गरेको अभ्यासको आधारमा यस्तो नियम राख्न लागेको बताए । उनले भने-'संसद् टुङ्गिन-टुङ्गिन लागेको बेला महाभियोग लाग्यो भने के गर्ने ? त्यो त्यतिकै मिनाहा गरेर छोडेर जाने ? नयाँ आउने संस्थालाई जिम्मा दिन पर्यो त । यो हामीले मात्र अभ्यास गर्न लागेको हैन अन्यत्र अरू देशले पनि अभ्यास गरिरहेका छन् । कानुनविद्लाई लागेको बिचार प्रकट गर्न पाइन्छ ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

### चुनावी वाचा पूरा गर्दै अध्यक्ष कालाखेती

# १८ सय परिवारको निःशुल्क बीमा गर्ने निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, ५ फागुन/ मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले गरिव तथा विपन्न परिवारको निःशुल्क बीमा गर्ने चुनावी वाचा कार्यान्वयमा लैजाने भएका छन् ।

निर्वाचन जित्न अनेकौं वाचा गरेर पूरा नगर्ने नेताहरुको भीडमा कालाखेती फरक देखिएका छन् । कालाखेतीले निर्वाचनमा गाउँपालिका अध्यक्ष भएको अवस्थामा सरकारी गाडी नचढ्ने घोषणा गरेका थिए । उनले उक्त घोषणासमेत कार्यान्वयन गर्दै आफ्नै निजी सवारीमा हिँड्डुल गर्दै आएका छन् । अध्यक्ष कालाखेतीले चालू आर्थिक वर्षमा विपन्न परिवारलाई स्वास्थ्य सेवाको सहज पहुँच पुऱ्याउनका लागि २ हजार घर परिवार लाभान्वित हुने गरी निः शुल्क स्वास्थ्य बीमा कार्यक्रमको लागि बजेट बिनियोजित गरेका थिए ।

मनहरी गाउँपालिकामा १ हजार ८ सय ५ परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने निर्णय भएको हो । जनअन्तर्गत् गरिबसँग विश्वेश्वर स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत बिनियोजित रकमबाट प्रतिपरिवार तीन हजार ५ सयका दरले स्वास्थ्य बीमाका लागि प्रिमियम तिरिदिने निर्णय भएको छ । गाउँपालिकाकोअनुसार वडा नम्बर १ बाट १ सय ९९ परिवार, वडा नम्बर २ बाट २ सय ३० परिवार, वडा नम्बर ३ बाट २ सय ४ परिवार, वडा नम्बर ४ बाट १ सय २६ परिवार, वडा नम्बर ५ बाट २ सय ९ परिवार, वडा नम्बर ६ बाट २ सय २० परिवार लाई निःशुल्क स्वास्थ्य बीमा गर्ने निर्णय गरिएको छ ।

यसैगरी, वडा नम्बर ७ बाट २ सय १५ परिवार, वडा नम्बर ८ बाट २ सय २ परिवार र वडा नम्बर ९ बाट २ सय परिवारको स्वास्थ्य बीमा मनहरी गाउँपालिकाले गरिदिने निर्णय भएको हो । गाउँ कार्यपालिकाको २०७९ माघ २६ गते बसेको कार्यपालिका बैठकले हरेक वडाबाट सिफारिस भई पेस भएका परिवारको सूचिलाई अनुमोदन गर्ने निर्णय गरेको हो । बिनियोजित बजेटबाट अझै १ सय ९५ परिवारको स्वास्थ्य बीमा गर्न बाँकी रहेको र छनौट प्रक्रिया जारी रहेको मनहरी गाउँपालिका अध्यक्ष कालाखेतीले जानकारी दिए ।

'हामीले चुनावमा व्यक्त गरेका प्रतिवद्धतालाई गरिव जनतासामु देखिने र भेटिने गरी कार्यान्वयन गरिरहेका छौँ', अध्यक्ष कालाखेती भन्छन् । 'शिक्षा र स्वास्थ्य क्षेत्रमा आमूल परिबर्तन ल्याउनका लागि अधिकतम प्रयासहरु भइरहेका छन् ।'



शिवरात्रीका दिन शनिवार मकवानपुरगढी गाउँपालिका वडा नम्बर-५, स्थित कालिवनमा डोरी तानेर अटोलाई रोक्दै बालबालिका । मकवानपुरगढीमा मात्र नभई हेटौंडाका विभिन्न चोकमा पनि बालबालिकाले डोरी तानेर सवारीसाधनलाई बाटो छेकेर पैसा मागिरहेका थिए । यसरी बालबालिकाले बाटोमा डोरी तानेर बाटो छेक्दै पैसा माग्नुलाई शिवरात्रीको एउटा रमाइलो प्रशंसका रुपमा लिने गरिएको छ । बाटो छेकेर उत्साह उमंग साथ, रमाइलो मान्दै बालबालिकाको समूहले पैसा माग्ने गरेका दृश्य जिल्लाभरी नै देखिन्छन् । मकवानपुरका सहरी क्षेत्र र गाउँमा पनि पनि यस्तो चलन छ । वास्तवमा यो चलन मात्र होइन, परम्परा हो । यो कामलाई जगाः भनिन्छ । जगाः जस्तै सिल्लाचह्रे पनि नेवार भाषाको शब्द हो । यसको अर्थ हो शिवरात्री । शिवरात्री नेवा पात्रो अनुसार सिल्लागा महिनामा पर्छ, त्यसैले शिवरात्रीलाई सिल्लाचह्रे भनिन्छ । यस दिन नेवा समुदायमा व्रत बस्ने, साँझमा धुनी बालेर हलुवा, पुरी अनि स्वारी पकाएर खाने चलन छ । चाडपर्वलाई नेपाली समाजले आशा, उमंग र उत्साह जगाउने दिनका रुपमा प्रयोग गर्छ । हरेक चाडपर्वमा कुनै न कुनै नौलो र मौलिक तरिका अपनाएर ती चाडलाई अरुभन्दा पृथक बनाइन्छ । शिवरात्रीका मौलिकता अनेक छन् । तीमध्ये बाटो छेकेर पैसा माग्नु पनि हो । जगामा उठाइएको दक्षिणाले दाउरा किनिन्छ, धुनी बालिन्छ, हलुवा पुरी पकाइन्छ । अर्थात्, दक्षिणामा उठेको त्यस्तो रकमको प्रयोग सिल्लाचह्रेकै दिन सामूहिक प्रयोग गरिन्छ । जगाःको चलन हराउँदै गएको छ, युग र सभ्यताको परिवर्तनसँगै जगाःको सान्दर्भिकता पनि घट्दै गएको छ । तैपनि यो परम्परालाई बालबालिकाले ठाउँठाउँमा धानिरहेका छन् । *तस्बिरः साझाकुरा*

# पालुङ बहुमुखी क्याम्पसको अध्यक्षमा विष्णु

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ जिल्लाको उत्तरी क्षेत्रको सबैभन्दा ठूलो शैक्षिक संस्था पालुङ बहुमुखी क्याम्पसको अध्यक्षमा विष्णुबहादुर विष्ट निर्विरोध निर्वाचित भएका छन् ।



अध्यक्षमा निर्वाचित विष्ट थाहा नगरपालिकाको मेयरसमेत हुन् । उनी यसअघि पनि क्याम्पसको अध्यक्ष थिए । पालुङ बहुमुखी क्याम्पसको २० औं परिषद् भेलाले अध्यक्षमा थाहा नगर प्रमुख समेत रहेका विष्ट निर्विरोध भएको निर्वाचन अधिकृत उमेश श्रेष्ठले जानकारी दिए । परिषद भेलाले ११ सदस्यीय क्याम्पस संचालक समिति निर्विरोध चयन गरेको छ । समितिको सदस्यहरुमा सहदेव ढकाल, सरोज कुमार खनाल, सगुन कुमार ढकाल, रिता प्रधान, जुजुभाइ प्रधान, केदार कार्की, सुरेन्द्रमान प्रधान, बिमल कुमार ढकाल, सुदर्शन कार्की र मनोज अधिकारी रहेका छन ।

समितिले उपाध्यक्ष र कोषाध्यक्ष पछि निर्वाचित गर्नेछ । निर्वाचित भएका पदाधिकारीहरुलाई निर्वाचन अधिकृत उमेश श्रेष्ठ र र मेशमान डंगोलले पद तथा गोपनियताको सपथ गराएका छन् । निर्वाचित संचालक समितिको पहिलो बैठक ९ फागुनमा बस्ने र बैठकले अन्य सदस्यहरु समेत मनोनित गर्ने नवनिर्वाचित अध्यक्ष विष्टले जानकारी दिए । क्याम्पसको वार्षिकोत्सव तथा परिषद् भेलाको अबसरमा अध्यक्ष विष्णु विष्टले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । क्याम्पस प्रमुख राजन मिश्रद्वारा क्याम्पसको वर्तमान अवस्था र भावी योजना प्रस्तुत गरिएको थियो ।

क्याम्पसको वार्षिकोत्सव र भेललाई सम्बोधन गर्दै बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले थाहा नगरको शैक्षिक विकासको धरोहरको रुपमा रहेको पालुङ बहुमुखी क्याम्पसलाई सबै मिलेर अगाडि बढाउनुपर्ने बताइन् ।

शिक्षामा सहयोग जति गरेपनि अपुग हुने बताउँदै सामुदायिक क्याम्पस टिकाउन समस्या रहेको तर समस्याको बाबजुद स्थानीयले क्याम्पस टिकाइरहेकोमा धन्यवाद व्यक्त गरिन् । मोक्तानले थाहा नगरबाट मन्त्रालयमा नगरको शैक्षिक व्यवस्थापनको सुधारको लागि गएको निवेदन एउटा पनि नकाटिएको विश्वास दिलाएकी छन् । पालुङ क्याम्पसलाई यसवर्ष सामाजिक विकास मन्त्रालयबाट २५ लाख रुपैयाँ सहयोग गर्न सकिने बताइन् ।

वार्षिकोत्सवको अवसरमा पालुङ क्याम्पसका प्रथम ब्याचका विद्यार्थी नानुमैया प्रधानलाई विद्यावारिधी (पिएचडी) को तयारी गरिरहेको भन्दै सम्मान गरिएको छ । विषयगत उत्कृष्ट प्राध्यापक गोपाल उप्रेतीलाई अंग्रेजी विषयको लागि र १३ वर्ष क्याम्पस प्रमुखको जिम्मेवारी सम्हालेर क्याम्पसको प्रगतिको लागि खटिएकोमा पुर्वक्याम्पस प्रमुख रामहरी अधिकारीलाई पनि सम्मान प्रदान गरिएको छ । क्याम्पसले उत्कृष्ट विद्यार्थीहरु रेजिना गोपाली र रोजिता बलामी तथा क्याम्पसको भौतिक निर्माण कार्यमा योगदान पुऱ्याए बापत श्रवण लामालाई सम्मान गरिएको थियो ।

# तीन पालिकामा निःशुल्क आँखा शिविर

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ जिल्लाको उत्तरी क्षेत्रस्थित तीन वटा गाउँपालिकामा निःशुल्क आँखा शिविर गरिने भएको छ ।

विकट क्षेत्रमा रहेर सदरमुकामसम्म नियमित आँखा जाँच गराउन आउन नसकेका बिरामीहरुलाई लक्षित गरी थाहा नगरपालिका, कैलाश गाउँपालिका र इन्द्रसरोबर गाउँपालिकामा निःशुल्क आँखा शिविर हुने भएको छ । यी तीन पालिकाको विभिन्न स्थानमा निःशुल्क आँखा जाँच तथा मोतियाबिन्दु छनौट शिविर हुने भएको हो ।

तिलगंगा सामुदायिक आँखा केन्द्र पालुङको आयोजानमा १२ फागुनदेखि १९ गतेसम्म आँखा जाँच तथा मोतियाबिन्दु छनौट शिविर हुने र शिविरमा निःशुल्क आँखा जाँच गराई लाभ लिन सकिने तिलगंगा सामुदायिक आँखा केन्द्र पालुङकी नेत्र सहायक बिनि महर्जनले जानकारी दिइन् ।

शिविरमा आँखा जाँच गराउँदा मोतियाबिन्दु पहिचान भएका बिरामीहरुको १८ फागुन र १९ गते तिलगंगा सामुदायिक आँखा केन्द्र पालुङमा मोतिया बिन्दुको निःशुल्क शल्यक्रिया गरिने जनाइएको छ ।

तिलगंगा सामुदायिक आँखा केन्द्र पालुङले १२ फागुनमा थाहाको १२ नम्बर वडास्थित टिष्टुङ लिति आधारभुत स्वास्थ्य चौकीबाट शिविर सुरुवात गर्दैछ । १३ गते मार्खु स्वास्थ्य चौकी ईन्द्रसरोवर-१, मार्खु र गोगने स्वास्थ्य चौकी गोगने, १४ गते दामन सहरी स्वास्थ्य केन्द्र थाहा-४, दामन, कैलाश गाउँपालिकालाई लक्षित गरी १५ गते डाँडाबास सामुदायिक भवन, १६ गते चित्लाङ स्वास्थ्य चौकी थाहा-९ तथा अन्तिम दिन १७ गते तिलगंगा सामुदायिक आँखा केन्द्र पालुङमा शिविर गरिने भएको हो ।

# ११ जिल्लामा पशु स्वास्थ्य क्लिनिक खोल्दै प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ बागमती प्रदेश सरकारले प्रदेशका ११ जिल्लामा पशु स्वास्थ्य क्लिनिक स्थापना गर्ने भएको छ ।

एक वडा एक पशु स्वास्थ्य क्लिनिक कार्यक्रम लागू गर्दै पशु उपचारमा सेवा विस्तार गर्ने उद्देश्यल प्रदेशका ११ जिल्लामा पहिलो चरणमा पशु स्वास्थ्य क्लिनिक स्थापना गर्ने भएको हो ।

प्रदेशभित्र पशु स्वास्थ्य सेवा पुग्न नसकेका ३० स्थानमा पशु स्वास्थ्य क्लिनिक स्थापना गर्न लागेको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । चालू आर्थिक बर्ष भित्रमा दोलखामा ३ वटा, रामेछापमा २ वटा, सिन्धुपाल्चोकमा ३ वटा, धादिङमा ४ वटा, काभ्रेमा ५ वटा, चितवनमा ४ वटा, सिन्धुलीमा २ वटा, नुवाकोटमा १ वटा, मकवानपुरमा ३ वटा, रसुवामा २ वटा र ललितपुरमा १ वटा क्लिनिक स्थापना गर्ने तयारी थालेको मन्त्रालयका प्रवक्ता झलकनाथ कडेंलले जानकारी दिए ।

मन्त्रालयले एक वडा एक पशु स्वास्थ्य क्लिनिक कार्यक्रम अन्तर्गत पहिलो चरणमा ३० वटा क्लिनिक स्थापना गर्न लागेको हो । पशुपन्छीको संख्या बढी भएको ठाउँ र भेटेरिनरी विज्ञ केन्द्रको पहुँचबाट टाढा रहेका गाउँमा क्लिनिक स्थापना हुने मन्त्रालयले जनाएको छ ।

# नामटार-कालिकाटार सडक स्तरीकरण गर्न पहल

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ जिल्लाको पश्चिम-उत्तरी क्षेत्रको विकट कैलाश गाउँपालिका जोड्ने नामटार-कालिकाटार सडक स्तरीकरण गर्न पहल सुरु गरिएको छ ।

कैलाशलाई सदरमुकाम हेटौंडासँग जोड्ने उक्त सडक हालसम्म पनि जीर्ण छ । हिउदमा उक्त सडकमा सवारीसाधन सहज सञ्चालन भएता पनि वर्षायाममा बाढी, पहिरोको जोखिम हुने गरेको छ । कैलाश गाउँपालिकाको चुनियाँ नामटार हुँदै कालिकाटार सम्मको सडकको अवस्था नाजुक छ । पश्चिमी व्यापारिक केन्द्र मनहरीबाट पनि कैलाश पुग्न सकिन्छ । तर, वर्षातको समयमा मनहरी खोलाका कारण कैलाशसँगको यातायात सम्बन्ध टुट्ने गरेको हुँदा नामटार-कालिकाटार सडकलाई धेरैलाई सम्झिने गरेका छन् । नामटार-कालिकाटार सडकको स्तरीकरण गर्न सके १२ महिना नै सवारीसाधन आवतजावत गर्न सकिने अवस्था बन्थ्यो ।



२०३७ सालमा निर्माण भएको नामटार-कालिकाटार सडक हालसम्म पनि जीर्ण हुँदा स्थानीयहरुले धेरै समस्या भोग्दै आएका छन् । उक्त सडक समयमै स्तरीय नबन्दा गाउँमा उत्पादित कृषि उपजहरुलाई बजार ल्याउन स्थानीयहरुले सकेका छैनन् । कालिकाटारदेखि चुनियाँसम्म आइपुग्न अहिले हिउदमा समेत सर्वसाधारणलाई हम्मेहम्मे पर्ने गरेको छ । अप्ठ्यारो बाटो, त्यसमाथि साँघुरो अनि खाल्डाखुल्डी र धुलोले सडक नै पुरिएका कारण साना सवारी साधन चलाउनेहरु ज्यान माया मार्दै हिँड्नुपर्ने बाध्यतामा छन् ।

कैलाश गाउँपालिकाका अध्यक्ष लोक मोक्तान सडक स्तरीकरणका लागि पहिलेका जनप्रतिनिधिले पहल नै नगरेको बताउँछन् । 'धेरै पटक यहाँबाट निर्वाचन जितेर धेरै गए तर कसैले पनि यो सडकको बारेमा चासो रखेको पाइएन । अहिले मैले पहल गरिरहेको छु ।,' मोक्तानले भने । गाउँपालिकाबाट सम्भव हुने काम पालिकाबाट र नहुने कामका लागि प्रदेश सरकार मार्फत पहल गरिरहेको मोक्तानले बताए । विगतमा पनि कैलाश गाउँपालिकाले नामटार-कालिकाटार सडकको स्तरीकरणमा चासो नदेखाएको भने हैन् । सीमित बजेटका कारण सडकलाई उचित निर्माण गर्न नसकिएको पूर्वजनप्रतिनिधिहरु बताउँछन् ।

प्रदेश सरकारलाई पटक-पटक आफूले जानकारी गराउँदै आएको कारणले अब भने प्रदेश सरकार काम गर्ने अवस्थामा पुगेको वर्तमान गाउँपालिका अध्यक्ष मोक्तानले बताए । चुनियाँदेखि कालिकाटारसम्म सडक स्तरोन्नतीको काम प्रदेश सरकारले गर्ने मोक्तानले बताए । तर, ठेक्का भने लागिसकेको छैन् । चुनियाँबाट भाल्टारसम्म साँढे तीन किलोमिटर सडक स्तरीकरणका लागि ४ करोडको ठेक्का भइसकेको मोक्तानले जानकारी दिए । नामटार देखि कालिकाटार सम्म सडक स्तरीकणका लागि आफूले प्रदेश सरकारसँग कुरा गरिसकेको मोक्तानले दाबी गरे ।

'भाल्टार-कुमल्टार साँढे ९ किलोमिटरको डीपीआर हुन्छ । प्रदेश सरकारले गर्छ । बिचको साँढे तीन किलोमिटर चाँही डीपीआर छुट्याएको रहेछ । त्यो चाहिँ गाउँपालिकाले पहल गर्छु ।,' मोक्तानले भने । चुनियाँदेखि नामटारसम्म कालोपत्रे गरौं भन्दा प्रदेश सरकारले बजेट छैन भनिरहेको मोक्तानले आरोप लगाए । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख वीरेन्द्र चौधरीले चुनियाँदेखि नामटार-कालिकाटार कैलाश सडकको काम हुने अवस्थामा रहेको बताए । उनले चुनियाँदेखि नामटार सम्मको ७ किलोमिटर स्तरीकणको काम भइसकेको बताएका छन् । चुनियाँदेख कालिकाटार सम्मको १३ किलोमिटर सडकको स्तरीकरणका लागि सर्भे भइसकेको र यसलाई बहुवर्षीय बनाउनका लागि डीपीआर आइनसकेको उनको भनाई छ ।

# पराजुली, राना र अधिकारीले फुटाए घैंटो

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ बिन्दावासिनी मिडया प्रालिद्वारा सञ्चालित रेडियो थाहासञ्चार ९९.६ मेघाहर्जले वार्षिकोत्सवको अवसरमा आयोजना गरेको घैंटो फुटाई प्रतियोगितामा अनिल पराजुली, मनिता राना र निकिता अधिकारीले घैंटो फुटाएका छन् ।

रेडियोको वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमको छैठौं दिन शनिबार हेटौंडा-४ स्थित भुटनदेवी माविको खेलमैदानमा आयोजित फुटाई प्रतियोगितामा पराजुली, राना र अधिकारीले घैटौं फुटाएका हुन् । उनीहरुलाई पुरस्कार स्वरुप प्रतिव्यक्ति ५ सय रुपैयाँ नगदसहित पुरस्कृत गरिएको छ ।

प्रतियोगितामा मकवानपुरका १९ जना सञ्चारकर्मीहरुले सहभागी थिए । रेडियोले १५ वर्ष पूरा गरी १६ औं वर्षमा प्रवेश गरेको अवसरमा फागुन १ गतेबाट साताव्यापी कार्यक्रम गरिरहेको छ । साताव्यापी कार्यक्रममको अन्तिम दिन फागुन ७ गते सोमबार पुरस्कार तथा प्रमाणपत्र वितरण, थाहा वर्ष सम्मान प्रदान गर्ने कार्यक्रम रहेको रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीले जानकारी दिए ।

यसअघि साताव्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन फागुन १ गते सरसफाई,दोस्रो दिन श्रोता मिलन कार्यक्रम, तेस्रो दिन बुधबार रुपचन्द्र विष्टका विषयमा अन्तरक्रिया चौथौं दिन बृहत रक्तदान र पाचौं दिन शुक्रबार 'सवारी दुर्घटना र यातायात व्यवस्थापन' विषयक अन्तरक्रिया कार्यक्रम भएको थियो ।

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना